## ५१ औ बैठक मिति २०७६।०१।३१ को निर्णय प्रतिलिपि

**नगरपालिकाको प्रशासकीय भवनको डिजाइन सम्बन्धमा ।**

**निर्णय नं १**

नगर कार्यपालिकाको मिति २०७५ फाल्गुन २२ गते बसेको नगर कार्यपालिकाको बैठकको निर्णय नं. १५ बमोजिमको स्थानमा नगर कार्यपालिकाको प्रशासकीय भवन निर्माणको स्थान छनोट भएकोमा, परामर्शदाता कम्पनी स्ट्रेन्थ डिभलपर्स प्रा.लि. पुरानो बानेश्वर काठमाडौं ले पेश गरेको डिजाइनलाई अनुमोदन गरी ठेक्का प्रकृयाद्वारा उक्त भवन निर्माण गर्न बोलपत्र आह्वान सम्वन्धी सूचना (E-Bidding) प्रकाशन लगाएतका प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

**लागत अनुमान अनुमोदन सम्बन्धमा ।**

**निर्णय नं २**

नगरपालिकाको प्रशासकीय भवनको लागी परामर्शदाता कम्पनीबाट पेश भएको डिजाइन अनुसार स्वीकृत लागत अनुमान रकम रू ४५६२९३०७।८८ (अक्षेरूपी चार करोड छपन्न लाख उनान्तिस हजार तीन सय सात रूपैयाँ अठासी पैसा मात्र) लाई आजको बैठकबाट अनुमोदन गर्ने निर्णय गरियो ।

**नगरपालिकाको स्वामित्वमा जग्गा प्राप्ति सम्बन्धमा ।**

**निर्णय नं ३**

नगरपालिकाको प्रशासकीय भवन बाहेकका अन्य विषयगत शाखाका भवन निर्माण गर्ने प्रयोजनका लागि यस नगरपालिका वडा नं. ७ मा रहेको श्री जिल्ला कार्यालय कृषि शाखा लमजुङ ( साविक जिल्ला कृषि विकास कार्यालय) को नाममा कायम रहेको जग्गाहरू यस नगरपालिकाको नाममा स्वामित्व हस्तान्तरण गर्न आवश्यक पहल गर्ने निर्णय गरियो ।

**जग्गादाताहरूलाई धन्यवाद ज्ञापन गर्ने सम्बन्धमा ।**

**निर्णय नं ४**

यस नगरपालिकाको नाममा दानपत्र प्रदान गर्ने यस सुन्दरबजार नगरपालिका वडा नं. ६ ठाँटिचौर निवासी विष्णु प्रसाद शर्मा पण्डित, साधुराम पण्डित र मधुमाया पण्डित तथा समस्त ठाँटिचौर पण्डित परिवारलाई हार्दिक धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

प्रतिलिपि
०२१.०५

नारायण पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत

**आर्थिक सहयोगमा नाम फरक परेकोले परिवर्तन सम्वन्धमा**

**निर्णय नं ५**

नगर कार्यपालिकाको मिति २०७६।०१।१३ गतेको ४९ औ बैठको निर्णय नं. १४ को आर्थिक सहयोग सम्वन्धमा वडा नं. २ निवासी जितु हमाल हुनुपर्नेमा राज कुमार हमाल भएकोले निजलाई आर्थिक सहायताबापत रू १५०००।०० (पन्ध्र हजार रूपैया मात्र) सहयोग उपलव्ध गराउने निर्णय गरियो ।

**योजनाको वजेट विनियोजनका सम्वन्धमा**

**निर्णय नं ६**

नगर कार्यपालिकाको ४८ औ बैठकको निर्णय नं. १३ सि.नं. २६ मा वडा स्तरीय पूर्वाधार योजनाकोलागी ९/९ लाख मध्येबाट वडा नं. ५ को हकमा ५ लाख पूर्वाधार तर्फ र ४ लाख आयआर्जन तर्फ खर्च गर्न अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**आर्थिक सहायता सम्वन्धमा**

**निर्णय नं ७**

यस नगरपालिका वडा नं. ६ निवासी बुद्दिका सुनारको घर हावाहुरीले क्षति पुर्याएकोले पुननिर्माण गर्न निजको घरयासी आर्थिक अवस्था कमजोर भएकोले उक्त घर पुन निर्माण गर्न रू १००००।०० (अक्षेरूपी दश हजार मात्र) रूपैया आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो ।

नारायण पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत